☎:०५६-५५००१५

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

प.सं.०७६/०७७
च.नं. २६०६२

मितिः......२०७६।११।१४......

**विषय : आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवनको लागि जग्गाको विवरण पठाउने ।**

श्रीमान वडा अध्यक्ष ज्यू
१, ३, ४, ६, ७, ८ र ११ नं. वडा कार्यालय,
राप्ती नगरपालिका चितवन ।

स्वास्थ्य चौकी नभएका वडामा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन गर्ने गरी वागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय हेटौडा मकवानपुरबाट प्राप्त स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०७५ बमोजिम भवन निर्माण गर्न आवश्यक जग्गाको विवरण उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाको मिति २०७६।११।१३ को देहाय अनुसार गरी ३ दिन भित्र उपलब्ध गराई दिनहुन अनुरोध छ ।

**नगर कार्यपालिकाको निर्णय**

**निर्णय नं. ४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्न वागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट रकम प्राप्त हुने शुनिश्चितता सहितको पत्र प्राप्त भएकोले लागि वडा नं. १, ३, ४,५,६ ८ र ११ नं. वडा समितिहरुलाई देहाय बमोजिम जग्गाको विवरण ३ दिन भित्र खुलाई पठाइ लेखी पठाउने निर्णय गरियो ।

क. उपयुक्त स्थानको पहिचान गरी नम्बरी पुर्जावाल जग्गा भएका चार किल्ला खोली पूर्जा सहित पठाउने बोलपत्र आव्हान गर्नु पहिले नै रजिष्ट्रेशन पास गरि दिनुपर्ने ।

ख. ऐलानी जग्गा भएमा चारकिल्ला खोली क्षेत्रफल एकिन गरी कसैले भोग चलन गरिरहेको भए भोग चलनको छोटपत्र गरिएको पत्र सहित पठाउने ।

ग. माथि उल्लेखित दुबै विकल्प नभएमा सार्वजनिक जग्गा (बन क्षेत्र बाहेक) को चारकिल्ला खोली क्षेत्रफल खुलाई पठाउने ।

- २०६८ को जनगणना अनुसार ७००० भन्दा बढी जनसंख्या भएका वडा लागि Type-1 को भवन निर्माण गर्न कम्तीमा १६ आना(५०८.९२ ब.मी.) जग्गा
- २०६८ को जनगणना अनुसार ७००० भन्दा कम जनसंख्या भएका वडा लागि Type-2 को भवन निर्माण गर्न कम्तीमा ९ आना(२८६ ब.मी.) जग्गा

०७६।११।१४

मिठाराम हुमागाई
प्रमुख प्रशासकीय अधिकृत

इमेल : rraptimunicipality42@gmail.com | वेबसाइट : www.raptimun.gov.np

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३
☎:०५६-५५००१५

प.सं.०७६/०७७
च.नं. २६०८२

मितिः.....२०७६।११।१४......

**विषय : एकिकृत बस्ती विकासकोलागि जग्गाको विवरण उपलब्ध गराई दिने ।**

श्रीमान वडा अध्यक्ष ज्यू
११ नं. वडा कार्यालय, आपपानी
राप्ती नगरपालिका ।

नेपाल सरकार अर्थ मन्त्रालयबाट राप्ती नगरपालिका – ११ मा एकिकृत बस्ती विकासको लागि चालु आ.व.०७६/७७ मा रु १ करोड विनियोजन भई आएको व्यहोरा सहर्ष सुचना गर्दछु । सो विनियोजित भई आएको व्यहोरा सहर्ष सूचना गर्दछु । सो विनियोजित बजेट कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गाको विवरण देहाय बमोजिम हुने गरी ३ दिन भित्र उपलब्ध गराई दिन हुन नगर कार्यपालिकाको मिति २०७६।११।१३ को निर्णय अनुसार अनुरोध छ ।

**नगर कार्यपालिकाको निर्णय**

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालयबाट राप्ती-११ मा एकिकृत बस्तीको लागि १ करोड प्राप्त भएको हुदा सो बजेटलाई शीघ्र कार्यान्वयन गर्नुपर्ने तर सो रकमबाट जग्गा खरिद गर्न नपाइने हुदा सो बस्ती विकास कार्यक्रम संचालन गर्न प्राविधिकबाट ल.ई.मा उल्लेख भए बमोजिमको आवश्यक जग्गा (लम्बाई १६५ फिट र चौडाई ३३ फिट) देहाय बमोजिम गरी ३ दिन भित्र पठाई दिन वडा नं. ११ वडा समितिलाई देहाय बमोजिम जग्गाको विवरण ३ दिन भित्र खुलाई पठाइ लेखी पठाउने निर्णय गरियो ।

क. उपयुक्त स्थानको पहिचान गरी नम्बरी पुर्जावाल जग्गा भएका चार किल्ला खोली पूर्जा सहित पठाउने बोलपत्र आव्हान गर्नु पहिले नै रजिष्ट्रेशन पास गरि दिनुपर्ने ।

ख. ऐलानी जग्गा भएमा चारकिल्ला खोली क्षेत्रफल एकिन गरी कसैले भोग चलन गरिरहेको भए भोग चलनको छोटपत्र गरिएको पत्र सहित पठाउने ।

ग. माथि उल्लेखित दुबै विकल्प नभएमा सार्वजनिक जग्गा (बन क्षेत्र बाहेक) को चारकिल्ला खोली क्षेत्रफल खुलाई पठाउने ।

०७६।११।१४

मिठाराम हुमागाई

प्रमुख प्रशासकीय अधिकृत

इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np